धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रे

## सिलबन्दी दरभाउपत्र आव्हान सूचना

(मिति :-०७४/०४/२२

यस कार्यालय तथा मातहतका वडा कार्यालय र सेवा केन्द्रको निमित्त आ.व. ०७४/०७५ को लागि तपशिलका मर्मत सम्भार कार्य गर्न आवश्यक परेको हुदा उक्त मर्मत सम्भार गर्न ईच्छुक इजाजत प्राप्त ( रजिष्टर्ड) मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएका फर्म, सप्लायर्स, उत्पादक तथा बिक्रेताहरुबाट दैनिक एकाई दरमा मर्मत कार्य गर्नु पर्ने भएको हुदां यस कार्यालय द्वारा तोकिएको समयमा कस्तो दररेटमा मर्मत कार्य गर्न गराउन सकिने हो सोको शिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ । कार्यालयलाई आवश्यक भएको मर्मत सम्भारको सूची समाविष्ट भएको दरभाउपत्र फाराम यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखाबाट रु १०००। (अक्षरेपी रु एक हजार) मात्र पछि फिर्ता नहुने गरी नगदै तिरी प्रोप्राईटर वा निजले अख्तियार दिएको व्यक्तिद्वारा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा खरिद गरी १६ औं दिन १२.०० बजे भित्र दर्ता गर्न सकिनेछ ।

**१) <u>सोलार सडकबत्ती, बिजुली वायरीङ्ग तथा अन्य मर्मत कार्य</u> २) <u>कम्प्युटर, प्रिन्टर, ल्यापटप, युपियस, मल्टिमिडिया (प्रोजेक्टर), ईन्टरनेट, सिसिटिभी, ईन्भर्टर, ब्याट्री, डिजिटल डिस्प्ले आदि मर्मत कार्य</u> ३) <u>खानेपानी फिटिङ्ग तथा शौचालय मर्मत आदि कार्य</u> ४) <u>फर्निचर तथा फर्निसिङ्ग मर्मत कार्य</u> ५) <u>ईन्टरकम टेलिफोन मर्मत कार्य</u>**

### तपसिल

१ माथि उल्लेखित मर्मत सम्भार गर्ने कार्यहरुको छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । कुनै एउटा वा केही कार्यहरु गर्न ईच्छुक दरभाउदाताहरुले सोही क्षेत्रको मात्र शिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ ।

२ दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सप्लायर्स वा निजका प्रतिनिधीहरु समेतको रोहबरमा १६ औं दिनको २.०० बजे यस कार्यालयमा खोलिनेछ ।

३ दरभाउपत्रहरु खोल्ने समयमा सप्लायर्स वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४ शिलवन्दी दरभाउपत्र फाराम खरिद, बुझाउने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै पछिको कार्यालय खूलेको दिनमा उक्त कार्य गरिनेछ ।

४ शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाता फर्मको नाम, ठेगाना,सम्पर्क नम्बर तथा सप्लाई गर्ने कार्य उल्लेख हुनुपर्नेछ ।

५ सिलवन्दी दरभाउपत्र दाखिला गर्दा धरौटी वापत नगद रु. १०,०००/ अक्षेरेपी (दश हजार) रा.बा. बैंक धुलिखेल शाखामा रहेको १०४०३०३००७१०२ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

६ शिलवन्दी दरभाउपत्र फाराम साथ नोटरी पब्लिक बाट प्रमाणित उल्लेखित कागजातको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७ दरभाउपत्र खरिदकर्ताको तर्फबाट राखेका कुनै शर्तहरु मान्य हूने छैनन् ।

८ शिलवन्दी दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर (भ्याट) बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

९ प्रति दिन एकाई मुल्य कम कबोल गर्ने फर्म संग खरीद सम्झौता गरिने छ ।

१० दरभाउदाताले मर्मत सम्भारको प्राविधिक व्यक्तिको दुर्घटना बीमा गराउनु पर्नेछ ।

११ शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हूनेछ ।

१२ यसमा नपरेका अन्य कुराहरु प्रचलित कानुन अनूसार हूनेछ ।

१३ शिलबन्दी दरभाउपत्र सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

Scanned by CamScanner